# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १३/०८१/०८२ **मितिः** २०८२/०१/१९

**अध्यक्षताः** कार्यवाहक नगर प्रमुख श्री खड्गमाया पराजुली

**उपस्थिति**

| | | |
|---|---|---|
| कार्यवाहक नगरप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**प्रस्ताव नं १ समिक्षा सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बै.सं. १२/०८१/०८२ को निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**प्रस्ताव नं २ समपुरक रकम विनियोजन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** नेपाल पर्यटन बोर्डबाट अर्जुनधारा नगरपालिका वडा नं ९ मा सुखानी सहिद पार्क सौन्दर्यिकरण कार्यक्रम अन्तर्गत स्थानीय तहको लागत साझेदारीमा सुखानी शहिद पार्कको सौन्दर्यिकरण गर्नका लागि रु ५ लाख रकम विनियोजन भई यस अर्जुनधारा नगरपालिकाबाट समेत २० प्रतिशतले हुन आउने रकम समपुरक कोष निश्चित गरी कार्यक्रम कार्यान्वयन गर्न अनुरोध भई आएको हुँदा उक्त रकम विनियोजन गर्ने विषयमा छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गरी सुखानी सहिद पार्क सौन्दर्यिकरण कार्यक्रमका लागि नगरपालिकाको तर्फबाट २० प्रतिशतले हुन आउने रकम रु १ लाख २० हजार नगरपालिकाको समपुरक कोषबाट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ दीर्घ साहित्य सेवा सम्मान, २०८१ सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट प्रत्येक वर्ष यस नगरपालिका भित्र बसोवास गरी भाषा, कला, साहित्य सृजनाको क्षेत्रमा लामो समयदेखि साधनारत एक जना व्यक्तित्वलाई "**दीर्घ साहित्य सेवा सम्मान**" बाट सम्मानित गर्दै आएकोमा वर्ष २०८१ का लागि समेत एक जना सर्जकलाई छनौट गरी सम्मानित गर्नका लागि सिफारिस समिति गठन तथा अन्य आवश्यक व्यवस्थाका लागि छलफल तथा निर्णयार्थ प्रस्ताव पेश भएको।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गरी वर्ष २०८१ का लागि "**दीर्घ साहित्य सेवा सम्मान २०८१**" बाट सम्मानित गर्ने दीर्घसेवी सर्जकको सिफारिस गर्नका लागि देहाय बमोजिमको एक सिफारिस समिति गठन गर्ने र उक्त सिफारिस समितिबाट सिफारिस हुनुहुने दीर्घसेवी सर्जकलाई कार्यालयबाट एक कार्यक्रम आयोजना गरी सम्मानित गर्ने र सो अवसरमा कवि गोष्ठी तथा साहित्यिक विमर्श कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| उपप्रमुख श्री खड्गमाया पराजुली | संयोजक |
| साहित्यकार श्री कालिबहादुर थापा, अर्जुनधारा-१ | सदस्य |
| साहित्यकार श्री कुमार भट्टराई, अर्जुनधारा-८ | सदस्य |

**प्रस्ताव नं ५ रकम भुक्तानी सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** गत मिति २०८१ साल भाद्र २५ गतेका दिन अर्जुनधारा नगरपालिका वडा नं ९ खरबन्दीमा रीता निरौलाको घरबाट ल्याइएको वा घरमा गई पुजाको प्रसाद खाएको चौविस घण्टा पछि मिति २०८१/०५/२६ गतेका दिन पूजामा सामेल भई प्रसाद ग्रहण गर्नु भएका लगभग सबैजसो स्थानीय वासिन्दाहरुमा फुड पोइजनिङको जस्ता लक्षणहरु देखापरी सिकिस्त विरामी भई स्थानीय अस्पतालमा भर्ना भएको र अस्पतालमा बेड अभाव भई नगरपालिका समेतको समन्वयमा स्थानीय चिमरिया पोलिक्लिनिकमा उपचार गराउनु भएका बिरामीहरुको उपचार बापतको रकम रु १,३७,१५५/- भुक्तानीका लागि चिमरिया पोलिक्लिनिकबाट बिल भरपाई सहित निवेदन पेश भई सो सम्बन्धम थप छलफल तथा निर्णयार्थ प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा मिति २०८१/०५/२६ गतेका दिन अर्जुनधारा नगरपालिका वडा नं ९ मा भएको प्रस्तावमा उल्लेखित घटनाका बिरामीहरुलाई तत्कालिन अवस्थामा शनिश्चरे अस्पताल लगायतका अस्पतालहरुमा बेड अभाव भएको अवस्थामा आकस्मिक उपचारका लागि नगरपालिकाकै समन्वयमा चिमरिया पोलिक्लिनिकमा उपचार गराइएको हुँदा बिल बमोजिमको रकम रु रु १,३७,१५५/-  नगरपालिकाको प्रकोप व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ६ भेरिएसन अर्डर स्वीकृति सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः**

१. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नगर प्रमुख विपन्न आवाश कार्यक्रमबाट विपन्न ५० घरपरिवारका लागि आवाश निर्माण गर्न ठेक्का सम्झौता भएकोमा थप १ जना अति विपन्न परिवारको आवाश निर्माण गर्नुपर्ने भई सोही आयोजनाका लागि विनियोजित बजेटबाट खर्च लेख्ने गरी थप १ आवाश निर्माणका लागि भेरिएसन स्वीकृत गरी रु ४२०३७३/- भुक्तानी हुन निर्णयार्थ पेश भएको ।

२. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अर्जुनधारा-१ पुतली चौक देखि ठुलो नेतेसम्म सडक कालोपत्रे निर्माण गर्न ठेक्का सम्झौता भएकोमा उक्त सडक संरक्षण गर्नका लागि प्लम्बवाल निर्माण गर्नुपर्ने भई सोही आयोजनाका लागि विनियोजित बजेटबाट खर्च लेख्ने गरी प्लम्ब वाल निर्माणका लागि भेरिएसन स्वीकृत गरी रु १४७५३१/- भुक्तानी हुन निर्णयार्थ पेश भएको ।

३. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अर्जुनधारा-८ कदमगाछी पश्चिम वडा नं ६ सम्म जोड्ने सडक कालोपत्रे कालोपत्रे निर्माण गर्न ठेक्का सम्झौता भएकोमा उक्त सडकलाई विस्तार गरी सोही सडकको अर्को च्यानलमा रहेको कालोपत्रे सडकसम्म जोड्न आवश्यक भएकाले चालु आर्थिक वर्षको समपुरक कोषबाट सञ्चालित आयोजनाको बाँकी रकम खर्च लेख्ने गरी प्लम्ब वाल निर्माणका लागि भेरिएसन स्वीकृत गरी रु ४२०९०४/- भुक्तानी हुन निर्णयार्थ पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा उल्लेख भए बमोजिमका भेरिएसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ बजेट विनियोजन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिका वडा नं ९ मा रहेको रेखाखोलामा रहेको पुल संरक्षणका लागि तारजाली लगाएर प्लम्ब वाल निर्माण गर्नुपर्ने आवश्यक भई सोको लागि आवश्यक बजेट विनियोजन हुनका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गरी रेखाखोला पुल संरक्षणका लागि तारजाली तथा प्लम्बवाल निर्माण गर्न चालु आर्थिक वर्षको समपुरक कोषबाट रु १० लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ थप रकम विनियोजन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः**

१. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम (सशर्त) अन्तर्गत "स्यालो ट्युबवेल तथा मोटर जडान कार्यक्रम" अन्तर्गत विनियोजित रकम रु २५ लाख बाट ६७ थान स्यालो ट्युबवेल सेट, वडा नं १ को कृषि तर्फको कार्यक्रमका लागि विनियोजित बजेट रु ५ लाख तथा सशर्त अनुदानमा खर्च हुन बाँकी रकमबाट १७ थान स्यालो ट्युबवेल सेट गरी जम्मा ८४ थान स्यालो ट्युबवेल सेट, ६ थान मोटर र ६ थान डेलिभरी पाइप खरिद गरिएकोमा एचडिपि पाइप भन्दा पिभिसी पाइप प्रयोग गर्न उपयुक्त हुने भनी सम्बन्धित कृषकहरुबाट माग आएकाले प्रदेश सरकारको सशर्त अनुदानमा बाँकी रकम रु १ लाख तथा नगरपालिकाबाट रु ६ लाख ५० हजार विनियोजन गरी जम्मा ७ लाख ५० हजार बराबरको पि.भि.सी. बोरिङ पाइप खरिद गरी सम्बन्धित कृषकहरुलाई उपलब्ध गराउन निर्णयार्थ पेश भएको ।

२. यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कोल्ड चेम्बर निर्माण का लागि सशर्त अनुदान तर्फ रु १२ लाख तथा नगरपालिकाको संशोधित कार्यक्रमबाट रु २१ लाख बजेट विनियोजन भएकोमा उक्त बजेटबाट कोल्ड च्याम्बर निर्माण गर्न अपुग हुने देखिएकाले अपुग रकम रु ४ लाख विनियोजनका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भए बमोजिमको कार्यक्रमका लागि समपुरक कोषबाट आवश्यक रकम विनियोजन गरी पेश भए बमोजिमको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।